# ३३ औ बैठक

आज मिति २०७६।०३।०४ गतेका दिन धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

**उपस्थिति :**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नृप बहादुर वड | नगर प्रमुख | |
| २ | श्री सुशीला मिश्र भट्ट | नगर उप-प्रमुख | |
| ३ | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४ | श्री नर बहादुर बम | कार्यपालिका सदस्य | |
| ५ | श्री बल बहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६ | श्री दिपक कुमार थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री हिरा सिंह पातली | कार्यपालिका सदस्य | |
| ८ | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९ | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १० | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११ | श्री प्रेम सिंह भण्डारी | कार्यपालिका सदस्य | |
| १२ | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३ | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४ | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५ | श्री बिजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६ | श्री राम बजारी चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री फूल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८ | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १९ | श्री माधव राना | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| २० | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| २१ | श्री तिलुराम चौधरी | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| २२ | श्री सिता राना | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| २३ | श्री बसन्त कुमार ठाकुर | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| २४ | श्री कल्याणी सिंह | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| २५ | श्री गीता पन्त | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| २६ | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| २७ | श्री प्रेम बहादुर बि.क. | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| २८ | श्री रिस्नी देवी चौधरी | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| २९ | श्री प्रेम सिंह विश्वकर्मा | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| ३० | श्री नारायण प्रसाद सापकोटा | सचिव | (हस्ताक्षर) |

Scanned with CamScanner

निर्णय नं.३३.१

आगामी आ.व. को आय र व्ययको अनुमान चालु आ.व.को संसोधित अनुमान र गत आ.व. को यथार्थ आय र व्ययको संवन्धमा छलफल गरियो । सो सम्बन्धमा समीक्षा गर्दै पुनः मिति २०७६/०३/६ गते हुने कार्यपालिका वैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं.३३.२ -

साविक जि.वि.स. कैलालीका कर्मचारी मध्ये नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बाट यस उ.म.न.पा. को कार्यालयमा समायोजन भै आउने कर्मचारीहरुलाई धनगढी उप-महानगरपालिकाको कार्यालयले अपनत्व (Own) लिदै ति कर्मचारीहरु मध्ये सातौं तहका कर्मचारीलाई पर्यटन तथा संस्कृति प्रवर्द्धन र उपभोक्ता हित संरक्षण शाखामा खटाउने जिम्मेवारी तोक्ने र सो भन्दा मुनीका क्रमशः छैठौं, पाँचौं, चौथो तह र का.स. सात जना मध्ये हेभी सवारी चालक लाई आवश्यकता अनुसार जिम्मा तोक्ने र अन्य कर्मचारीहरुलाई आवश्यकता अनुसार काममा लगाउन प्र.प.अ लाई अख्तियारी दिने निर्णय गरियो । साथै साविक जि.वि.स का समायोजन भै आएका कर्मचारीहरुलाई हाजिर अगाडीको मिति सम्मको सेवा, सुविधा लगाएत कानूनले दिने संपुर्ण सेवा सुविधा नेपाल सरकारले व्यहोर्ने गरि र हाजिर उप्रन्त योगदानको आधारमा धनगढी उ.म.न.पा.ले अपनत्व लिने निर्णय गरियो ।

निर्णय नं.३३.३-

नगर विकास समिति धनगढीको पत्रानुसार नगर विकास समिति गठन गर्न धनगढी उ.म.न.पा. कार्यपालिकामा पत्र द्वारा तोकिए बमोजिम निम्नानुसार मनोनयन गरि पठाउने निर्णय गरियो।

(क) कार्यपालिका सदस्यहरु मध्यवाट निम्नः

(१) श्री नारायण प्रसाद बराल

(२) श्री प्रेम सिंह बिश्वकर्मा

(३) श्री गीता पन्त

साथै नगरपालिका स्थित स्थायी वासिन्दा मध्येबाट सामाजिक क्षेत्रमा विशेष योगदान पुर्यायका समाज सेवी भध्येवाट १ (एक) जना महिला सहित निम्न बमोजिम मनोनयन गर्ने निर्णय गरियो,

(१) महिला मनोनयन गर्नु पर्नेमा समाजसेवी श्री वेद अवस्थीलाई मनोनयन गरि पठाउने ।

(२) समाज सेवी बाट श्री पुष्कल कर्माचार्यलाई मनोनयन गरि पठाउने ।

पुनश्चः साविक देखि नगर विकास समिति धनगढी कैलाली काम गरि रहेका कर्मचारीलाई साविक अनुसार नै काम गर्ने जिम्मेवारी दिने निर्णय गरियो ।

Scanned with CamScanner

## निर्णय नं.३३.४-

धनगढी उप महानगरपालिकाको कर्मचारी वृति विकास तथा ब्यबस्थापन सम्बन्धी विशेष ऐन, २०७६ मा छलफल गरी पुनः कार्यपालिकामा पेश गर्न बिधायन समितिमा पठाउने निर्णय गरियो ।

## निर्णय नं.३३.५-

क्षेत्रीय शहरी विकास आयोजना आयोजना कार्यान्वयन इकाईको च.न. ९५ को मिति २०७५/०९/१८ गतेको पत्रानुसार RUDP को कार्यसम्पादनमा आधारित सामाजिक तथा आर्थिक विकास कार्यक्रमको चालु खर्च शिर्षकबाट प्रचलित कानुनले तोके बमोजिमको अधिकृत स्तर छैटौं तहको शुरु तलब स्केल अनुसारको तलब सुविधा पाउने गरि आयोजना कार्यान्वयन सहयोग एकाईमा कार्यरत ईन्जिनियर श्री राजन कुमार रानालाइ नै कामकाजमा लगाइएकोमा उक्त कार्यलाई समर्थन गर्ने निर्णय गरियो । साथै निजको मिति २०७५/०९/१८ देखि २०७६/०३/३२ सम्म सम्बन्धित बजेट शीर्षकबाट तलब भत्ता खाने गरी उल्लिखित दररेट र स्केलमा तलब भत्ता भुक्तानी लेख्न यस नगरकार्यपालिका पूर्ण रुपमा जवाफदेही बनी निजको माथि तोकिए बमोजिमको तलब भत्ता तोकिए बमोजिमको शीर्षकबाट खर्च लेख्न प्रमुख प्रशासकीय अधिकृत (ध.उ.म.न.पा.को कार्यालय ) लाई अख्तियारी दिने निर्णय गरियो ।

## निर्णय नं.३३.६ -

नगर स्तरीय वाल संरक्षण कोष स्थापना गरि UNICEF नेपाले वालवालिकाको लागि उपलब्ध गराएको रकम रु. ९०,०००.०० (रु. नब्बे हजार) उक्त कोषमा जम्मा गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३३.७-

यस धनगढी उप-महानगरपालिका क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरु तथा ब्यक्तिहरुलाई तिनीहरुको कार्यक्रमका आधारमा र स्वीकृत बजेटको श्रीर्षक, विविध र अन्य शिर्षकको खर्चभै नसकेको बचत रकमबाट तपसिल बमोजिम सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

१. ४,००,०००|- (चारलाख) वडा नं ७ मा धर्मशाला निर्माण कार्यका लागि
२. २,००,०००|- (दुई लाख) वडा नं १९ मा दुर्गा मन्दिर निर्माण कार्यका लागि
३. १,६५,०००|-(एकलाख पैसठ्ठी हजार) बझांगी टोलको कल्भर्ट निर्माण कार्यका लागि
४. ५१,०००|- (एकाउन्न हजार) गौरी गंगा फुटबल कपका लागि
५. २५,०००|- (पच्चिस हजार) रामलिला संचालनका लागि वडा नं- १२
६. १५,००० |- ( पन्ध्र हजार) साउण्ड बक्स खरिद गर्ने कार्यका लागि वडा नं- १२
७. २५,०००|- (पच्चिस हजार) वडा नं १२ का महिला सदस्यका श्रीमान भिम सुनार
८. १५,००० |- ( पन्ध्र हजार) छत्र बहादुर टेलर्सको औषधि उपचार खर्चका लागि
९. २१,०००|- (एक्काइस हजार) बुद्ध जयन्ति

Scanned with CamScanner

१०. २१,०००|- (एक्काइस हजार) नेपथ्य बैण्डक लागि

११. ११,०००|- (एघार हजार) डम्मर देवी सिंहक लागि – (दुवै हात नभएको) वडा नं -१३

१२. ११,०००|- (एघार हजार)त्रिनगर मा.बि. मा भलिवल च्याम्पियनसिपका लागि

१३. २१,०००|- (एक्काइस हजार) FEDO संस्थालाई कार्यक्रम संचालनका लागि

१४. १५,००० |- ( पन्ध्र हजार) फनी बहादुर पौड्याल औषधि उपचार खर्चका लागि

१५. ११,०००|- (एघार हजार) मोहनलाल बिस्वकर्मा वा.न.७

नारायण प्र. सापकोटा
सचिव

Scanned with CamScanner